ネパール語

नोभल कोरोना भाइरस संक्रमण सम्बन्धी फुकुओका प्रान्त प्रमुखको सन्देश

वर्तमानको संक्रमण स्थिति एवम् चिकित्सा सेवा प्रदान प्रणाली, केन्द्रिय सरकारद्वारा 1 महानगरपालिका र 3 प्रान्त (टोक्यो महानगरपालिका, साइतामा प्रान्त, चिबा प्रान्त, कानगावा प्रान्त) का क्षेत्रमा लागू हुने गरी "आपतकालीन घोषणा" एवम् "आधारभूत उपचार नीति" का विषयलाई मध्यनजर गर्दै प्रान्तबासीहरू प्रति निम्न अनुसारका सहयोगका लागि आह्वान गरिने कुरा निर्णय गरिएको छ।

प्रान्तबासीहरू प्रति निम्न अनुसारका सहयोगका लागि अनुरोध गरिन्छ।

〇आपतकालीन घोषणा लागू गरिएको क्षेत्र तर्फ नजानको लागि आत्म-संयम राख्ने (फेब्रुअरी 7 तारिख सम्म)

फेब्रुअरी 7 तारिख सम्म टोक्यो महानगरपालिका, साइतामा प्रान्त, चिबा प्रान्त, कानागावा प्रान्त तर्फ नजानको लागि आत्म-संयम राख्नुहोस्।

〇भेला भएर सँगै खाना खाने (निजी घरमा भेला भएर सँगै खाना खाइने समेतका) बेला सावधान रहने

खाना खाँदा, सधैजसो सँगै खाने व्यक्तिहरूसँग सानो समूहमा खानुहोस्। साथै, यसरी भेला भएर खाना खाँदा लामो समय सम्म नगर्नुहोस्।

बाहिर खाना खाँदा, "संक्रमण रोकथाम घोषणा स्टिकर" राखिएको भोजनालयको प्रयोग गर्नुहोस्। कुराकानी गर्दा मास्क लगाउनुहोस् र ठूलो

आवाज ननिस्कने गरी गर्नुहोस्




〇केहि समयका लागि बाहिर निस्कदा वा केहि दिनका लागि कहीं जाँदा सावधान रहने

◇आफ्नो स्वास्थ्य अवस्था र आफ्नो साथमा हुने व्यक्तिको बारेमा सोचेर ध्यानपूर्वक कार्य गर्नुहोस्।

◇विशेष गरी प्रान्तबाट बाहिर निस्कँदा, गन्तव्य स्थलको संक्रमण स्थिति र स्थानीय सरकारको आह्वानको बारेमा जानकारी लिएर र ध्यानपूर्वक निर्णय गर्नुहोस्।

◇नयाँ वर्षमा गरिने स्राइन दर्शन आदि भीडभाड हुने अवधि तथा स्थानहरूबाट टाढा रहनुहोस्।

◇अनिवार्यरूपमा मास्क लगाउनुहोस् तथा हात राम्ररी धुनुहोस्। साथै, व्यक्ति र व्यक्ति बीचको दूरीमा ध्यान दिनुहोस् र सानमिचु देखि टाढा रहनुहोस्।

◇वृद्धवृद्धा आदि गम्भीर बिरामी हुने सम्भावना भएका व्यक्तिलाई सङ्क्रमण नहोस् भनी, वृद्धवृद्धासँग भेटघाट हुने अवसर धेरै हुने व्यक्तिले सतर्कतासाथ कदम चाल्नु पर्छ।

फुकुओका प्रान्तमा, नोभल कोरोना भाइरस संक्रमण सम्बन्धी सकरात्मक देखिएकाहरूको कूल संख्याले 10,000 जना नाघ्यो।

वर्तमानमा, चिकित्सा सेवा प्रदान प्रणालीले धान्नै नसक्ने जस्तो अवस्था तुरून्तै त छैन, तर वर्तमानको संक्रमण अवस्था अप्रत्याशित छ र कडा सावधानी अपनाएर उप्रान्तका परिस्थिति प्रति ध्यान दिन आवश्यक छ।

साथै, संक्रमणको फैलावटलाई रोक्न सकिएन र चिकित्सा सेवा प्रदान प्रणालीले धान्नै नसक्ने जस्तो अवस्था आउने खतरा भएको अवस्थामा, प्रान्तले थप उपायहरूको कार्यान्वियन र केन्द्रिय सरकार समक्ष, फुकुओका प्रान्तलाई आपतकालिन घोषणाको क्षेत्रमा समावेश गराउनको लागि आग्रह गर्ने सम्बन्धीको बिकल्पलाई बिचार गर्न पनि बाध्य हुनुपर्नेछ भनी ठानिएको छ। अहिलेको समय एउटा अत्यन्त महत्त्वपूर्ण क्षण हो। पुन: यस प्रान्तबासीहरुप्रति माथि उल्लिखित कुराहरूको सख्त पालन गरिदिनुहोस् भनी अनुरोध गर्न चाहन्छु।